बैठक संख्या :- ६३  मिति :- २०८३/०२/०८  समय : बिहान ११ : बजे

आज मिति २०८३ साल जेठ ०८ गते गुराँस गाउँपालिका दैलेखको ६३औं कार्यपालिका बैठक गुराँस गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी.ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरी पारीत गरीयो ।

उपस्थिति

श्री टोप बहादुर वि.सी. - गाउँपालिका अध्यक्ष
श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
श्री धर्म बहादुर रावल - वडा अध्यक्ष वडा नं.१
श्री शेर बहादुर रावल - वडा अध्यक्ष वडा नं.२
श्री काँशीराम शर्मा - वडा अध्यक्ष वडा नं.३
श्री खड्क बहादुर शाही - वडा अध्यक्ष वडा नं.४
श्री भुपेन्द्र बहादुर चन्द - वडा अध्यक्ष वडा नं.५
श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष वडा नं.६
श्री तन्न बहादुर वि.सी. - वडा अध्यक्ष वडा नं.७
श्री विरेन्द्र वली - वडा अध्यक्ष वडा नं.८
श्री अमृता कुमारी वि.सी. - कार्यपालिका सदस्य
श्री विर्मा वि.क. - कार्यपालिका सदस्य
श्री पार्फि वि.क. - कार्यपालिका सदस्य
श्री भुमीसरा वली - कार्यपालिका सदस्य
श्री कुलविर वि.क. - कार्यपालिका सदस्य
श्री सम्झना कुमारी बुढा - कार्यपालिका सदस्य
श्री ओम प्रकाश देवकोटा - सदस्य सचिव प्र.प्र.आ.ज्यू

सहयोगी श्री सोमती वि.क. - नि.वा. वडा अध्यक्ष वडा नं.२

१ श्री खेमराज उपाध्याय सहायक पाँचौं
२ श्री दुर्ग बहादुर वली
३ खगीसरा वि.क. का.स.

कार्यपालिका बैठक संख्या नं. ६३ स्थानः गाउँपालिका भवन मितिः २०८३/०२/०७

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण सम्बन्धमा ।
३. सैद्धान्तिक सहमति सम्बन्धमा ।
४. गाउँ सभाको अधिवेशन आव्हांन गर्ने सम्बन्धमा ।
५. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट शिलिङ्ग सम्बन्धमा ।
६. चालु आ. व. को बजेट खर्च समीक्षा सम्बन्धमा ।
७. बाख्रा पकेट क्षेत्रको निरन्तरताका लागि समूह सहकारी छनौट सम्बन्धमा ।
८. ५०% अनुदानमा कृषि यान्त्रिकरण वितरण सम्बन्धमा ।
९. व्यवसाय र मानवअधिकार सम्बन्धी स्थानीय अनुगमन र मूल्यांकन समिति गठन सम्बन्धमा ।
१०.अध्ययन विदा स्वीकृत सम्बन्धमा ।
११.कर सेवा डेस्क स्थापना सम्बन्धमा ।
१२.विभिन्न अदालतमा रहेका मुद्दाहरुको जानकारी सम्बन्धमा ।
१३. सार्वजनिक तथा सरकारी अतिक्रमित जग्गा खाली गराउने सम्बन्धमा ।
१४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रका सम्बन्धमा ।
१५.अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१६.भुक्तानी फरफारक अनुमोदन सम्बन्धमा ।
१७. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१८. विगत आर्थिक वर्षहरुको कृषिमा साझेदारी अनुदान रकम फिर्ता सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
१९. अदालतमा कानूनी पैरवी गर्ने अख्तियारी सम्बन्धमा ।
२०. कार्यक्रम सञ्चालन अख्तियारी समबन्धमा ।
२१. विविध ।

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाको यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

तपसिलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधयेक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

१. आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित) गर्न बनेको विधेयक, २०८३
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३
३. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८३
४. राजस्व परामर्श समिति संचालन सम्बन्धी कार्यविधि, २०८३
५. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८३
६. बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०८३
७. बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८३
८. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८३
९. गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८३
१०. गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०८३
११. गाउँपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०८३
१२. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८३

**निर्णय नं. ३**

गुराँस गाउँपालिका क्षेत्रमा रहेका नदी तथा खोलाहरुबाट उत्खनन् हुन सक्ने नदीजन्य पदार्थको संक्षिप्त वातावरणीय अध्ययन (IEE) प्रतिवेदन, लालीखोला गर्चा वार्ड नं ७ विद्यालय जोड्ने झोलुंगे पुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस गाउँपालिकाको गाउँ सभाको १८ औं अधिवेशनको बैठक तपसील अनुसार आव्हान गर्ने निर्णय गरियो।

(क) नीति तथा कार्यक्रम प्रस्तुत- २०८३ आषाढ २ गते विहान ११ बजे गाउँपालिकाको सभा हल।

(ख) बजेट तथा योजना प्रस्तुत- २०८३ आषाढ ९ गते विहान ११ बजे गाउँपालिकाको सभा हल।

**निर्णय नं. ५**

आ. व. २०८३/८४ मा नेपाल सरकार र प्रदेश सरकारको तर्फबाट यस गाउँपालिकालाई प्राप्त हुने तपसील अनुसारको बजेटको शिलिङ्ग बैठकलाई जानकारी गराइयो।

तपसील:

| सि. न. | श्रोतको प्रकार | रकम रु | पठाउने सरकार | कैफियत |
|---|---|---|---|---|
| १ | समानीकरण | ९,६०,००,०००। | नेपाल सरकार | पूँजीगत |
| २ | राजश्व बाँडफाँड | ९,५८,६७,०००। | नेपाल सरकार | |
| ३ | समानीकरण | १,२४,७६,०००। | प्रदेश सरकार | चालु |
| ४ | राजश्व बाँडफाँड | २०,२०,१७०।६० | प्रदेश सरकार | |
| | जम्मा | २०,६३,६३,१७०।६० | | |

कार्यपालिका बैठक २०८३ जेष्ठ ७ गते

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ६**

चालु आ व २०८२/८३ मा तपसील अनुसार बजेट खर्च रहेको बैठकलाई जानकारी गराइयो।

| सि. न. | विषय क्षेत्र | विनियोजन | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,७१,२०,२२२।०० | ३०,९०,९४६।०० | ११.४ | |
| २ | सामाजिक विकास | ३५,५४,१५,४६५।०० | १९,४९,३५,८४५।५८ | ५४.८५ | |
| ३ | पूर्वाधार विकास | ११,६९,१९,०००।०० | २,५७,५६,९११।९२ | २२.०३ | |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १,७९,६७,६३४।०० | १३,६३,३३२।०० | ७.५९ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,७५,०७,६३४।२४ | ४,८३,८६,८५५।१६ | ६२.४३ | |
| | जम्मा | ५९,४९,२९,९५५।२४ | २७,३५,३३,९७०।६६ | ४५.९७ | |

**निर्णय नं. ७**

यस आ. व. २०८२/८३ का लागि यस गाउँपालिका क्षेत्रमा स्थापना भएका बाख्रा पकेट निरन्तरताको लागि पेश भएका आवेदनहरुको अनुगमन गरि आर्थिक विकास समिति हुदै प्राविधिक सिमिति द्वारा मिति २०८३।०२।०७ मा समुह/सहकारीको छनोटको लागि पेश भएकोमा आवेदन पेश गरेका सबै तपशिल बमोजिमका समुह/सहकारी हरुलाई २/२ लाख (५०% साझेदारिमा ) बाख्रा पकेट निरन्तरता कार्यक्रम संचालनको लागि छनोट गर्ने निर्णय गरियो।

तपशिलः

१) तिमिलेखोला फलफुल तथा तरकारी उत्पादन समूह, गुराँस-१
२) हिमचुली कृषि तथा पशुपालन सहकारी संस्था लि., गुराँस-१
३) पौरखी कृषि सहकारी संस्था लि., गुराँस- ५
४) प्रगतिशील कृषक समूह, गुराँस- ५

**निर्णय नं. ८**

यस आ. व. २०८२/८३ का लागि ५०% अनदानमा कृषि यान्त्रिकरण वितरण सन्दर्भमा आर्थिक विकास समितिले मिति २०८३ जेष्ठ ६ मा बसेको बैठकले गरेको निर्णय अनुमोदन गरियो।

**निर्णय नं. ९**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय द्वारा जारी व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५) अनुसार तपसीलको मानवाधिकार सम्बन्धी स्थानीय अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो।

तपसीलः

१. गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का — संयोजक
२. गुराँस गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि — सदस्य
३. गुराँस गाउँपालिकास्तरीय घरेलु महासंघको अध्यक्ष वा प्रतिनिधि — सदस्य
४. गुराँस गाउँपालिकास्तरीय महिला उद्यमी संघको अध्यक्ष वा प्रतिनिधि — सदस्य
५. स्थानीय मानवाधिकारकर्मी — सदस्य
६. स्थानीय श्रम संगठनको प्रतिनिधि वा श्रम अधिकारको जानकार — सदस्य

कार्यपालिका बैठक २०८३ जेष्ठ ७ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

गुराँस गाउँपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं. १०**

सम्मानित सर्वोच्च अदालतको मिति २०८३/०१/२३ को मुद्दा नं ०८१-WO-११२७ को फैसलाको जानकारी सम्बन्धी पत्रानुसार मिति २०८२/०९/२८ को फैसला बमोजिम तपसीलमा उल्लेखित कर्मचारीहरुको अध्ययन विदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

| सि न | कर्मचारीको नामथर | पद | विदा स्वीकृत अवधि | अध्ययन गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेम बहादुर गुरुङ्ग | जनस्वास्थ्य निरीक्षक (छैठौं तह) | ४ वर्ष २ महिना | कर्णाली स्वा वि प्र | २०८१ माघ-२०८५ फाल्गुन |
| २ | रेखा थापा | सि अ न मी (पाचौं तह) | ४ वर्ष २ महिना | कर्णाली स्वा वि प्र | २०८१ माघ-२०८५ फाल्गुन |
| ३ | निशा रिजाल | सि अ न मी (पाचौं तह) | ४ वर्ष २ महिना | नेपालगंज न क्या | २०८१ माघ-२०८५ फाल्गुन |

**निर्णय नं. ११**

करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेका सेवाहरू स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाबाट करदाता सेवा डेस्क स्थापना गर्न आवश्यक सहजीकरणका लागि आन्तरिक राजश्व कार्यालय, सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस गुराँस गाउपालिकालाई विपक्षी बनाई दायर भएका मुद्दाहरुको विवरण रहेको बैठकलाई जानकारी गराउनुका साथै गाउँपालिकाको प्रतिरक्षा गर्ने निर्णय गरियो।

| सि न | मुद्दा नं | मुद्दाको विषय | निवेदक | दायर भएको अदालत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०८२-WO-१२३० | उत्प्रेषण | ब्ल्याक मान्मा कन्सट्रक्सन प्रा. लि. | सर्वोच्च अदालत | |
| २ | ०८२-FJ-०२१९ | मध्यस्थ नियुक्ति | ब्ल्याक मान्मा कन्सट्रक्सन प्रा लि | उच्च अदालत पाटन, ललितपुर | |
| ३ | ०८२-WO-००४४ | उत्प्रेषण/परमादेश/प्रतिषेध | जयदुर्गा एस. एस. कन्सट्रक्सन | उच्च अदालत वीरेन्द्रनगर, सुर्खेत | |
| ४ | ०८१-CP-०२४५ | करार सम्झौता बमोजिम रकम दिलाई भराई पाउँ | देवेन्द्र अधिकारी | जिल्ला अदालत, दैलेख | |

**निर्णय नं.१३**

यस गुराँस गाउँपालिका वडा नं १ देखि ८ सम्मका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाहरु विभिन्न व्यक्तिहरुले कब्जा गरी घरटहरा, गोठ, अन्य संरचना र खेतीपाती गरिरहेको वर्तमान अवस्थामा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने सरकारको नीति अनुरुप नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च न ४१२ मिति २०८३/०१/१७ को प्राप्त परिपत्र अनुसार अवैध रुपमा कब्जा गरिएको माथि उल्लेखित जग्गाहरु हटाउन ३५ दिने सूचना जारी गर्ने र तोकिएको समयसीमा भित्र नहटाउने व्यक्ति वा संघसंस्थालाई प्रचलित कानून बमोजिम कारवाही गरिने निर्णय गरियो।

कार्यपालिका बैठक २०८३ जेष्ठ ७ गते

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं.१४**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समय समयमा यस गाउँपालिकालाई प्राप्त उजुरी सम्बन्धी पत्रहरुको बारेमा बैठकमा छलफल भई आगामी दिनमा पालिकाको विकास निर्माण तथा सेवाप्रवाहमा विधि तथा पद्धतिलाई अंगिकार गर्दै कार्यसम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

चालु आ व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कार्यान्पयन चरणमा रहेका कार्यक्रम तथा योजनाहरुको अनुगमन गरी आगामी कार्यपालिका बैठकमा अनुगमन प्रतिवेदन पेश गर्न गाउँपालिकाका उपाध्यक्ष श्री शिवा कुमारी खड्कालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१६**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसीलका कार्यक्रम तथा योजनामा भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसीलः

**मितिः-२०८३ साल जेठ ६ देखि ०७ सम्म फरफारक भएको योजना भुक्तानी विवरण ( पूँजीगत तर्फ)**

| सि.नं. | भुक्तानी पाउने नाम | विवरण | भुक्तानी भएको रकम | भुक्तानी भएको मिति |
|---|---|---|---|---|
| १ | हर्क शाही-वडा नं. ४ | सुरक्षित नागरिक आवास तर्फ फुसको छाना मर्मत | ५०,०००/ | २०८३/०२/०७ |
| २ | कर्ण बहादुर कामी-वडा नं. २ | | ५०,०००/ | २०८३/०२/०७ |
| ३ | गणेश बहादुर चन्द वडा नं. ५ | | ४५,०००/ | २०८३/०२/०७ |
| ४ | प्रेम बहादुर विश्वकर्मा वडा नं. ५ | | ५०,०००/ | २०८३/०२/०७ |
| ५ | नविन खड्का वडा नं. ७ | | ५०,०००/ | २०८३/०२/०७ |
| ६ | तिल बहादुर विश्वकर्मा वडा नं.५ | | ५०,०००/ | २०८३/०२/०७ |
| ७ | उपेन्द्र दर्लामी वडा नं.४ | | ५०,०००/ | २०८३/०२/०७ |
| ८ | शेर बहादुर रोका मगर | | ४५,०००/ | २०८३/०२/०७ |
| ९ | अम्मर बहादुर बुढा | | ४५,०००/ | २०८३/०२/०७ |
| १० | खगेन्द्र राना | | ५०,०००/ | २०८३/०२/०८ |
| ११ | नान्कली खत्री | | ५०,०००/ | २०८३/०२/०८ |
| १२ | सामुदायिक स्वास्थ इकाइ सानाकाँना वडा नं.५ | सुत्केरी न्यानो आवासीय घर स्थानीय सामाग्रीबाट निर्माण ५ वटा | ५८,०७४/ | २०८३/०२/०६ |
| १३ | श्री पार्वती प्रा वि गुराँस ७ | पार्वती प्रा वि फिल्ड निर्माण - | १०,६४७/ | २०८३/०२/०७ |
| १४ | श्री शान्ती मा वि सेरी वडा नं.३ | शान्ति मा वि को फिल्ड निर्माण तथा तला थप | ६,६८,९३९/ | २०८३/०२/०६ |
| कुल जम्मा | | | १३,५२,६६०/ | |

कार्यपालिका बैठक २०८३ जेष्ठ ७ गते

टोप बहादुर बि.सी.
अध्यक्ष

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमाता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

**निर्णय नं.१७**

विगत वर्षहरुमा यस गाउँपालिकाबाट विभिन्न समयमा वितरित कृषि अनुदान अन्तिम लेखा परीक्षणका क्रममा बेरुजु देखिन गई असुल उपर गर्नु पर्ने भएकोले यस अघिको १५ दिने सूचना गर्दा पनि कार्यालयमा रकम फिर्ता नगरेका व्यक्तिहरुका लागि ७ दिने सूचना जारी गर्ने र सो समयमा पनि फिर्ता नगर्ने व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस गाउँपालिकालाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत तथा पाटन उच्च अदालतमा दायर भएका मुद्दा क्रमशः मुद्दा नं. ०८२-WO-१२३० र ०८२-FJ-०२१९ का लागि यस गाउँपालिकाको तर्फबाट प्रतिरक्षा सम्बन्धी प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटालाई अख्तियारी दिने निर्णय गरियो । साथै २०८३ बैशाख २४ गते यस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्तिले श्री सर्वोच्च अदालतबाट प्रेशित म्याद बुझिलियको विषयलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

चालु आर्थिक बर्षमा स्वीकृत बजेट तथा कार्यक्रममध्ये समय अभावको कारण ठेक्का प्रक्रिया र उपभोक्ता समितिबाट सम्पन्न हुन नसक्ने देहाय बमोजिमका योजनाहरु दरभाउपत्र (कोर्टेशन) मार्फत् कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**तपसिलः**

| क्र. सं. | योजना शीर्षक | बजेट रकम (रू. मा) | कैफियत |
|---|---|---|---|
| १ | बगौरा रेग सडक, गुराँस ६ | ७,००,०००/- | |
| २ | सामुदायिक सम्पदाको निर्माण तथा मर्मत कार्य, गुराँस ८ | रू. २,००,०००/- | |

**निर्णय नं. २०**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०१/३१ गतेको निर्णयानुसार यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा सरुवा भई आउनु भएका श्री ओम प्रकाश देवकोटालाई कार्यकाल सफलताको शुभकामना सहित स्वागत गर्ने ।

(ख) मिति २०८३ बैशाख ३१ गते सम्म यस गाउँपालिकालाई सेवा प्रदान गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्तिलाई गाउँपालिकाको तर्फबाट धन्यवाद दिनुका साथै निजको आगामी दिनहरु नागरिक सेवामा समर्पित रहुँन भन्ने शुभकामना दिने ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष



CS CamScanner